मिति: २०८२/१२/३० नेसं. ११४६ चौलागा १५ शुक्रबार बैठक संख्या - ११

आज मिति २०८३/०१/०३ गते शुक्रबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/०८३ को एघारौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ............
२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ............
३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन............
४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ............
५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ............
६. वडा अध्यक्ष : श्री धनपति गिरी ............
७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ............
८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ............
९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ............
१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ............
११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ............
१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ............
१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई............
१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ............
१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा............
१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ............
१७. लेखा अधिकृत श्री इश्वरी प्रसाद पाण्डे ............
१८. कार्यालय सहयोगी श्री बजेन्द्र कुमार पुरी ............
१९. कार्यालय सहयोगी श्री पवित्रा चोङ्वाङ............
२०.कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङदेन............
२१.कार्यालय सहयोगी श्री विवेका योङहाङ............

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/१२/३०　　　　　　　　ने.सं. ११४६ चौलागा १५ शुक्रबार　　　　　　　　बैठक संख्या - ११

**प्रस्तावहरु :-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।
२. रकमान्तर तथा शिर्षकान्तर सम्बन्धमा ।
३. औषधी उपचार खर्च तथा बिदा खर्च उपलब्ध गराउने सम्बन्धमा ।
४. न्यायिक समितिको अर्धवार्षिक प्रतिवेदन स्वीकृति सहित सभामा पेश गर्ने सम्बन्धमा ।
५. मेलमिलापकर्ता सुचिकृत गरी अनुमोदन लागि सभामा पेश गर्ने सम्बन्धमा ।
६. बजेट तथा कार्यक्रम सञ्चालनको लागि कार्यविधि सम्बन्धमा ।
७. प्रारम्भिक बालविकास सहजकर्ताको अनुमति सम्बन्धमा ।
८. सभाको कार्यसूची स्वीकृति सम्बन्धमा ।

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पन्चमी, पाँचथर कोशी प्रदेश, नेपाल

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/१२/३०  ने.सं. ११४६ चौलागा १५ शुक्रबार  बैठक संख्या - ११

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो। उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्‍याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो।

**तपसिलः**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय | विषय | निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| १. | १६३ | २०८२-१२-३० | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक समाबेशिकरण शाखा) | सबै स्थानीय तहहरुमा स्तनपान कक्ष र जेष्ठनागरिक तथा अपाङगमैत्री विश्रामस्थलको व्यवस्था गर्ने सम्वन्धमा। | आगामी आ.व देखि पालिकाको भौतिक संरचना उपलब्धता समेतलाई ध्यानमा राखेर स्तनपान कक्ष र जेष्ठनागरिक तथा अपाङगमैत्री विश्रामस्थलको व्यवस्था गर्ने। |
| २. | ३६३ | २०८३-०१-०२ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | बैशाख महिनालाई पुर्णखोप सुनिश्चितता तथा दिगोपना महिनाका रुपमा मनाउने सम्बन्धमा। | स्वास्थ्य शाखा मार्फत बैशाख महिनालाई पुर्णखोप सुनिश्चितता तथा दिगोपना महिनाका रुपमा मनाउने। |
| ३. | ३७४ | २०८३-०१-०३ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण (पहिलो संशोधन समेत मिलाएको) निर्देशिका, २०७५ को दफा ३३ को उपदफा (२) र (३) कार्यान्वयन सम्बन्धमा। | गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण (पहिलो संशोधन समेत मिलाएको) निर्देशिका, २०७५ को दफा ३३ को उपदफा (२) र (३) कार्यान्वयन गर्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | यो.अ.ई/२ १५१ | २०८३-०१-०३ | कोशी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, विराटनगर नेपाल। | वनक्षेत्रको संस्थागत अतिक्रमण रोकथाम सम्बन्धमा। | वन क्षेत्रहरुमा नेपाल सरकारको स्वीकृति वेगार कुनै पनि किसिमको आयोजना संचालन गर्ने गराउने कार्यको लागि बजेट निकाशा नहुने व्यवस्था गर्ने। |

**निर्णय नं. - २**

आ व २०८२/८३ को नियमित हिउँदे अधिवेशन (पन्ध्रौं गाउँसभा) आगामी २०८३ बैशाख ०७ गते आव्हान भईसकेकोले उक्त हिउँदे अधिवेशन मार्फत अघिल्लो बजेट अधिवेशनबाट स्विकृत तपशिलका योजना तथा कार्यक्रमहरु गाउँपालिकाको परिवर्तित अवस्था, प्राथमिकता र आवश्यकतालाई मध्यनजर गरी निम्नानुसारको संशोधित योजना तथा कार्यक्रमहरु सभामा पेश गर्ने निर्णय गरियो।

तपसिलः-

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन | क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन |
|---|---|---|---|---|---|---|---|
| ८०१०२५०७१०१ हिलिहाङ गाउँपालिका | | | | | ८०१०२५०७१०१ हिलिहाङ गाउँपालिका | | |
| ८ | पारिश्रमिक कर्मचारी गाउँपालिका (तलब भत्ता) | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार | २६७००००. | १ | पारिश्रमिक कर्मचारी गाउँपालिका (तलब भत्ता) | |
| २०४ | प्राविधिक सहायकको तलब पोषाक र चावपर्व खर्च | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार | ३५००००. | | अस्थायी करार कर्मचारीको सामाजिक सुरक्षा कोष भुक्तानी | ४०००००. |
| | निशुल्क बितरण को लागी औषधि तथा सामग्री खरिद | २२७११ | राजस्व बाँडफाँड - संघीय सरकार | १५०००००. | | अस्थायी करार महंगी भत्ता | १६०००००. |
| ५० | प्रशासकीय भवन उद्घाटन कार्यक्रम | २२५२२ | आन्तरिक श्रोत | ३०००००. | | राजश्व फिर्ता | ८००००. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तमोर लिफ्टिङ खानेपानी उपभोक्ता समितलाई विधुत महसुलमा अनुदान | २५३१५ | आन्तरिक श्रोत | ५०००००. | | सर्जिकल सामाग्री खरिद | १०००००. |
| ४५ | वडा नं २ कार्यालय उद्धाटन तथा सरसफाई | २२५२२ | आन्तरिक श्रोत | ११००००. | | MTEF अद्यावधिक र आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा र अभिमुखीकरण कार्यक्रम | ५०००००. |
| | हिलिहाङ गाउँपालिका बिकास गुरुयोजना | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००००००. | | सवारी साधन भाडा | ५०००००. |
| | सल्लेरी सुभाङ पञ्चमी अमरपुर मोटर बाटो आइई | ३११३५ | नेपाल सरकार - समानिकरण अनुदान | १००००००. | | जे सि भि मर्मत सम्भार | ७०००००. |
| | ILR रेफ्जिरेटर खरिद | ३११२२ | नेपाल सरकार - समानिकरण अनुदान | ५०००००. | | ५ शैया अस्पताल उद्धाटन खर्च | ५००००. |
| | ५० % लागत साझेदारीमा उन्नत जातको घाँसको बीउ/बेर्ना वितरण | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार | १०००००. | | जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ५०००००. |
| ७२ | चार पाङग्रे सवारी साधन खरिद | ३११२१ | नेपाल सरकार - समानिकरण अनुदान | ३३५००००. | | ७० बर्ष माथीका जेष्ठ नागरिकको गोपेटार सम्मको लागि एम्बुलेस खर्च | ५०००००. |



२०८२/१२/३०
... कुमार लिम्बु
... प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रशासकीय भवन फर्निचर फिक्चर्स | ३११२३ | नेपाल सरकार - समानिकरण अनुदान | ५००००००. | | हिलिहाङ गाउँपालिका भित्रको सामुदायिक विद्यालयबाट डाक्टर, इन्जिनियरिङ्ग विषयमा अध्यापन गर्ने विद्यार्थिको लागि छात्रबृत्ती प्रोत्साहन | ५०००००. |
| १९० | गुप्तेश्वर शिव पञ्चायन मन्दिर व्यवस्थापन हिलिहाङ ३ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ६०००००. | | **सल्लेरी-एकचेपा-आम्बेजानी करिडोर वडा नं ७ मो वा डि पी आर र आईई** | १२०००००. |
| २२१ | अन्तर पालिका न्यायिक समितिका पदाधिकारी तथा कर्मचारी भ्रमण अवलोकन कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | २०००००. | | **६ नं वडा कार्यालय डीपीआर** | ५०००००. |
| २२८ | सहकारी व्यवसायिक योजना निर्माण | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | ४०००००. | | **५ शैया अस्पताल जेनेरेटर व्यवस्थापन** | ३०००००. |
| २३३ | न्यायिक समिति मेलमिलापकेन्द्र सञ्चालन तथा व्यवस्थापन | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | १०००००. | | ५ शैया अस्पताल प्रसुती सेवाको प्लासेन्टा व्यवस्थापन पिट निर्माण | २०००००. |
| २५५ | दलित लक्षित कार्यक्रम | २२५१२ | आन्तरिक श्रोत | १०००००. | | ५ शैया अस्पताल फोहोर व्यवस्थापन तथा इन्सिनिरेटर निर्माण | ३०००००. |
| 263 | स्वयं सेविका पुरस्कार तथा प्रोत्साहन कार्यक्रम | २२५२९. | आन्तरिक श्रोत | १५००००. | | भेटनरी औजार उपकरण खरिद | १०००००. |
| | | | | | | २ नं वडा कार्यालय अपुरो भवन निर्माण | १५०००००. |
| २६७ | कृषि विकास कृषि अनुदान तथा पशु कार्यक्रम | २७२१९ | राजस्व बाँडफाँड - प्रदेश सरकार | २२५०००. | | च्याङथापु चाम्लिङडाँडा | ५०००००. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अर्ग्नीरेखा करिडोर मो वा निर्माण | |
| २७१ | फेदपा सिस्नेरी मोटरबाटो स्तरोन्नती (220 को heavy mechine प्रयोग द्वारा) | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १०००००. | | साम्रे आ वि फाउण्डेशन निर्माण | २०००००. |
| २७२ | सिहमार्ग बिद्यालय तथा निगुरे खानेपानि ट्याङकि मर्मत | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | | हिलिहाङ दरबार ग्रेटवाल निर्माण | १००००००. |
| २७७ | बैंसे धारा ट्याङ्की निर्माण | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | २०००००. | वडा नं १ | भालुचोक बजार व्यवस्थापन तथा शौन्दर्यकरण कार्यक्रम | ७०००००. |
| २८३ | चेतना मुलक कार्यक्रम वालमैत्री स्थानीय शासन सम्वन्धी अभिभावक शिक्षा सम्वन्धी तालिम | २२५२९ | राजस्व बाँडफाँड - संघीय सरकार | १०००००. | | वडा नं २ | |
| ३७४ | श्रीब्रह्मयोगास्वर मन्दिर ठेसवाल | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | २०००००. | | हेम्ब्या गाउँ माङ्युम ठेस वाल निर्माण | २५००००. |
| ३८० | कञ्चनजंगा आ वि भाषा शिक्षक अनुदान | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार | २५००००. | | तिल चौर थापा गाउँ मो बा स्तरवृद्धि तथा ट्र्याक ओपन | ४०००००. |
| ३८२ | दलित लक्षित कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | ५०,०००.०० | | खेलकुद विकास कार्यक्रम | १०००००. |



टापेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १९१ | आत्मा पवित्र गुराँसे माङहिम निर्माण तथा व्यवस्थापन हिलिहाङ ६ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५०००००. |
| ३८६ | आत्मा पवित्र गुरासे माङहिम भौतिक व्यवस्थापन | ३१११३ | नेपाल सरकार - समानिकरण अनुदान | ५०००००. |
| ३९२ | पखेरे सिगप्लिङ मोटरबाटो | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २०००००. |

| | |
|---|---|
| ज्ञान ज्योती आ वि व्यवस्थापन | ५००००. |
| वडा नं ३ | |
| सिमलबोटे सामुदायिक भवन व्यवस्थाप | ४०००००. |
| गुप्तेश्वर शिव पञ्चायन मन्दिर घेराबारा हिलिहाङ ३ गोपेटार | ६०००००. |
| भालुखोप डाँडे फुलुव मोटरबाटो सरसफाई | २५००००. |
| डाँडे मार्से मोटरबाटो ट्र्याक ओपन | २०००००. |
| वडा नं ४ | |
| शिद्ध मा वि डुडेखोला ट्र्याक ओपना | २५००००. |
| फुटकर पाईप खरिद | १०००००. |
| कक्षा १-१० सम्मका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई पोशाक खरिद तथा वितरण | १२६०००. |
| शिव पञ्चायन मन्दिर व्यवस्थापन सामाग्री खरिद | १२४०००. |
| ५०% अनुदानमा मिनिमिल खरिद | १०००००. |

| | | | |
|---|---|---|---|
| | वडा नं ५ | | |
| | | गैरीगाउँ पोखरी निर्माण | १०००००. |
| | | श्री सामुदायिक सिकाइकेन्द्र च्याब्रुङ खरिद /प्रशिक्षण/ | १०००००. |
| | | अरुणोदय आ वि कम्प्यूटर ~~खरिद~~ मर्मत तथा व्यवस्थापन | १०००००. |
| | | सिवाखोला घुमाउने सिंचाई आयोजना निर्माण | १०००००. |
| | | महादेवस्थान सिवाखोला खा पा योजना मर्मत सम्भार | १०००००. |
| | | फूटकर पाइप खरिद | २०००००. |
| | वडा नं ६ | | |
| | | फुटकर पाईप खरिद | ३५००००. |
| | | सुक्षित नागरिक आवास कार्यक्रम | ५००००. |
| | | जोरपोखरी विकास क्षेत्र आयोजना | १०००००. |
| | | मिनिमिल खरिद | २०००००. |
| | वडा नं ७ | | |
| | | वडा कार्यालयको सोलारको इभर्टर र साउण्ड सिस्टम खरिद | १०००००. |
| | | महादेव आ वि मा शौचालय निर्माण | १०००००. |
| | | हिलिहाङ ७ एकचेपा देखि तम्फुवा टोलसम्म नेट विस्तार | १०००००. |

२०८२/१२/३०

| | |
|---|---|
| चुक्फारा बस्ति संरक्षणको लागि ढाँड खोल्सीमा ग्याबिन वाल निर्माण | २०००००. |
| हिलिहाङ ७ मा संचालित विद्युतिकरणमा आवश्यक सामाग्री खरिद तथा लाईन ब्यवस्थापन | २०००००. |
| मेलमिलापकर्ताहरुको ४८ घण्टा तालिम | ३००००० |
| वित्तीय साक्षरता तथा सहकारी शिक्षा | २००००० |
| सहकारी संस्थाहरुलाई प्रविधि हस्तान्तरण | २००००० |
| नागरिक आवास कार्यक्रम | १००००० |
| अमरपुर विद्यालय पोसाक खरिद तथा व्यबस्थापन | ५००००. |
| अमरज्योति आधारभुत बिद्यालय पोषाक खरिद, मर्मत तथा व्यवस्थापन | १०००००. |
| वडा कार्यालय जाने मोटरबाटो स्तर उन्निति | २२५०००. |
| कालिधारा, मौले धारा ट्र्याक ओपन | १०००००. |
| सिंह मार्ग बिद्यालय पोसाक खरिद तथा व्याबस्थापन | ५००००. |

कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अति बिपन्न परिवारलाई शौचालय निर्माण | २०००००. |
| | | | | | | नयाँ वडा कार्यालय भौतिक व्यवस्थापन | १००००० |
| | | | | | | फुटकर पाइप खरिद | २००००० |
| | | | | | | कञ्चनजंघा आ वि भौतिक पूर्वाधार मर्मत | २५००००. |
| | | | | | | दलित बस्ति खानेपानी निर्माण | ५०००० |
| | | | | | | ढुंगाबाट निर्मित फाल्गुनन्द शालिक खरिद | १००००००. |
| | | | | | | | |
| | | | | | | सिटेबन अग्निरेखा गोरेटोबाटो निर्माण | २०००००. |
| | | | | २०३०५०००. | | | २०३०५०००. |

**निर्णय नं. - ३**

हिलिहाङ गाउँपालिकाको स्वास्थ्य तर्फ कार्यरत भई अवकाश पाउनुभएको श्री चुङ्गा भोटेनी भोटीया (संकेत नं १७५२९४) को औषधी उपचार खर्च र संचित घर विदा र विरामी विदा बापतको रकम कार्यालयबाट यकिन गरि कोष तथा लेखा नियन्त्रक कार्यालय, पाँचथरमा निकासाका लागि माग गरि पठाउने निर्णय गरियो।

**निर्णय नं. - ४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३ को उपदफा २ बमोजिम न्यायिक समितिले सम्पादन गरेको कामको विवरण अध्यक्ष मार्फत सभामा पेश गर्ने व्यवस्था बमोजिम न्यायिक समितिले दफा ४७ बमोजिम सम्पादन गरेको कार्यको अर्धवार्षिक प्रतिवेदनलाई स्वीकृत गरी सभामा पेश गर्ने।

**निर्णय नं. - ५**

न्यायिक समितिको मिति २०८१ कार्तिक ०३ गते बसेको बैठकको निर्णयानुसार र स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ र २ मा उल्लेखित विवादहरु निरुपण गराउन मेलमिलापका माध्यमबाट मिलापत्र गराउनको लागि मेलमिलापकर्तालाई सुचिकृत गर्नको लागि वडा कार्यालयबाट सिफारिस भइ आएका तपसिलका मेलामिलापकर्ताहरुलाई स्वीकृत गरि हिउँदे अधिवेशनबाट अनुमोदन गराउने निर्णय गरियो।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र.सं. | नाम/थर | पद | ठेगाना | फोन नं. |
|---|---|---|---|---|
| १ | धिरेन लिङ्देन | मेलमिलापकर्ता | हिलिहाङ-१ | ९८४४६३५३०१ |
| २ | विष्णु लिङदेन | मेलमिलापकर्ता | हिलिहाङ -१ | ९८०६०३००६० |
| ३ | विश्वराज ढकाल | मेलमिलापकर्ता | हिलिहाङ -१ | ९८१७९९२१८९ |
| ४ | रमा वाग्ले | मेलमिलापकर्ता | हिलिहाङ -१ | ९८१६०८२५२४ |
| ५ | कामुदा गुरुङ | मेलमिलापकर्ता | हिलिहाङ -२ | ९८१५१८८०२८ |
| ६ | इन्द्र नारायण अधिकारी | मेलमिलापकर्ता | हिलिहाङ -२ | ९८०७९७१६२५ |
| ७ | राम कुमारी हेम्व्या | मेलमिलापकर्ता | हिलिहाङ -२ | |
| ८ | राज कुमारी अधिकारी | मेलमिलापकर्ता | हिलिहाङ –२ | ९८२४९३८०२५ |
| ९ | मेघराज कटुवाल | मेलमिलापकर्ता | हिलिहाङ –३ | ९८४४६४९७६७ |
| १० | चन्द्रकला अधिकारी | मेलमिलापकर्ता | हिलिहाङ –३ | ९८०६०१७१४३ |
| ११ | खेमराज आचार्य | मेलमिलापकर्ता | हिलिहाङ –३ | ९८१५९१५३९८ |
| १२ | कमला पौडेल | मेलमिलापकर्ता | हिलिहाङ –३ | ९८१५०२०३६४ |
| १३ | तारा कुमारी योङहाङ | मेलमिलापकर्ता | हिलिहाङ –४ | ९८१६९७३९४९ |
| १४ | लक्ष्मी प्रसाद दंगाल | मेलमिलापकर्ता | हिलिहाङ४ – | ९८१५९६३७४८ |
| १५ | लिला चापागाईं | मेलमिलापकर्ता | हिलिहाङ –४ | ९८७१७४७४१३ |
| १६ | भिमकला शिगु | मेलमिलापकर्ता | हिलिहाङ –४ | ९८६१४५४०९९ |
| १७ | चन्द्रमान योङहाङ | मेलमिलापकर्ता | हिलिहाङ –५ | ९८१४०३३९१३ |
| १८ | रण बहादुर सुहाङ | मेलमिलापकर्ता | हिलिहाङ ५- | ९८४४६५८१०६ |
| १९ | शेर बहादुर केरुङ | मेलमिलापकर्ता | हिलिहाङ५ – | ९८४२६६३५३३ |
| २० | लक्ष्मी रिजाल | मेलमिलापकर्ता | हिलिहाङ –६ | ९८४०१६४५०५ |
| २१ | हरीराज लोवा | मेलमिलापकर्ता | हिलिहाङ –६ | ९८६२६६६६१५ |



दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २२ | विमलादेवी खतीवडा | मेलमिलापकर्ता | हिलिहाङ –६ | ९८०८४०३२३१ |
| २३ | विमाया लिङ्देन | मेलमिलापकर्ता | हिलिहाङ –६ | ९८४३३१७०९९ |
| २४ | दिपा काफ्ले | मेलमिलापकर्ता | हिलिहाङ –७ | ९८१७०६१९७७ |
| २५ | पदम नारायण पन्थाक | मेलमिलापकर्ता | हिलिहाङ –७ | ९७४९९१०१७९ |
| २६ | रमेश तिमसिना | मेलमिलापकर्ता | हिलिहाङ –७ | ९८४४६४४२४३ |
| २७ | वर्षा राई | मेलमिलापकर्ता | हिलिहाङ –७ | ९८१५०३४३०० |
| २८ | माया कन्दङवा | मेलमिलापकर्ता | हिलिहाङ –७ | ९८१५०३४३०० |

**निर्णय नं. - ६**

हिलिहाङ गाउँपालिका भित्र स्थायी बसोबास गर्ने आर्थिक गर्ने आर्थिक रुपमा विपन्न नागरिकहरुको परिवारका सदस्यको मृत्यु भई निजको धार्मिक, सामाजिक तथा साँस्कृतिक परम्परागत मृत्यु संस्कार गर्नका लागि मृतकका परिवारलाई प्रदान गरिने काजकृया खर्चलाई व्यवस्थित गर्न बनेको कार्यविधि कानून मस्यौदा समितिमा दफादार छलफल भई आएको "मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण सम्बन्धी कार्यविधि २०८२" देहायको संशोधन सहित पारित गर्ने ।

देहाय:

१. "मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण सम्बन्धी कार्यविधि २०८२" लाई "मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण सम्बन्धी कार्यविधि २०८३" बनाउने ।
२. कार्यविधिको दफा १(ख) मा "कार्यविधि स्वीकृत हुनुभन्दा अघि भएका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।" भन्ने वाक्यलाई "तर यो आर्थिक वर्षको सन्दर्भमा बि.स. २०८२ श्रावन १ गते देखी मृत्य भएका परिवारलाई यो कार्यविधि बमोजिम भुक्तानी दिन बाधा पर्ने छैन ।"
३. कार्यविधिको दफा ३ को उपदफा १(घ) "गाउँ कार्यपालिका सदस्य" भन्ने शब्दलाई "गाउँसभा सदस्य" बनाउने ।

**मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण सम्बन्धी कार्यविधि - २०८३**

प्रस्तावना -हिलिहाङ गाउँपालिका भित्र स्थायी बसोबास गर्ने आर्थिक रुपमा विपन्न नागरिकहरुको परिवारका सदस्यको मृत्यु भई निजको धार्मिक सामाजिक तथा साँस्कृतिक परम्परागत मृत्यु संस्कार गर्नका लागि हिलिहाङ गाउँपालिकाले सम्वन्धित वडा कार्यालय मार्फत समवेदना पत्र तथा काजकृया खर्च उपलब्ध गराउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी हिलिहाङ

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरी जारी गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ** –

(क) यो कार्यविधिको नाम"मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण सम्बन्धी कार्यविधि २०८२"रहेको छ।

(ख) यो कार्यविधि हिलिहाङ गाउँपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।तर यो आर्थिक वर्षको सन्दर्भमा बि.स. २०८२ श्रावन १ गते देखी मृत्य भएका परिवारलाई यो कार्यविधि बमोजिम भुक्तानी दिन बाधा पर्ने छैन।

२. **परिभाषा** - विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क)"मृतक"भन्नाले हिलिहाङ गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्दै आएका मृतक व्यक्तिलाई सम्झनुपर्दछ।

(ख)"मृतकको परिवार"भन्नाले मृतक व्यक्तिको पति,पत्नी, आमा, बुवा, बाजे, बज्यै, छोरा, छोरी, सासु, ससुरा धर्मपुत्र धर्म पुत्री, संरक्षक समेतलाई सम्झनु पर्दछ।

(ग)"गाउँपालिका"भन्नाले हिलिहाङ गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ)"समवेदना"भन्नाले मृतकाका परिवारलाई गाउँपालिकाबाट प्रदान हुने समवेदना पत्रलाई सम्झनु पर्दछ।

(ङ)"काजकृया खर्च"भन्नाले मृतकको धार्मिक परम्परा अनुसार गरिने काजकृयामा गाउँपालिकाबाट वितरण हुने रकमलाई सम्झनु पर्दछ।

(च)"समिति"भन्नाले दफा ३ बमोजिमका सदस्यहरु रहेको समितिलाई सम्झनु पर्दछ।

(छ)"वडा कार्यालय"भन्नाले हिलिहाङ गाउँपालिका भित्रका ७ वटै वडाहरुलाई सम्झनु पर्दछ।

(ज)"सिफारिस"भन्नाले वडा कार्यालयबाट जारी हुने मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित समेतको सिफारिसलाई सम्झनुपर्दछ।

(झ)"प्रशासन"भन्नाले हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको प्रशासन महाशाखा/शाखालाई सम्झनु पर्दछ।

(ञ) "पञ्जिकरण"भन्नाले हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको पञ्जिकरण शाखालाई सम्झनु पर्दछ।

(ट)"कार्यपालिका"भन्नाले हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

(ठ)"अध्यक्ष"भन्नाले हिलिहाङ गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

(ड)"प्रमुख प्रशासकीय अधिकृत"भन्नाले हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

**३. समिति** - (१) मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण गर्न हिलिहाङ गाउँ कार्यपालिकामा देहाय बमोजिमको समिति हुनेछ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) गाउँसभाका सदस्य मध्येबाट गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिका (महिला १/ दलित १) - सदस्य

(ङ) पञ्जिकरण शाखा प्रमुख - सदस्य

(च) सम्वन्धित वडाको वडा सचिव - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक भत्ता प्रचलित कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**४. समितिको काम कर्तव्य र अधिकार** - (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) मृतकको परिवारलाई प्रदान गर्ने समवेदना तयार पार्नु तथा प्रदान गर्नु।

(ख) मृतकको परिवारबाट अनुसूची १ को ढाँचामा उल्लेखित निवेदन साथ संलग्न कागजात प्राप्त गर्नु।

(ग) मृतकको परिवारलाई काजकृया खर्च उपलब्ध गराउन कार्यपालिका समक्ष सिफारिस गर्नु।

(घ) मृतकको परिवारलाई वितरण गरिएको समवेदना तथा काजकृया खर्चको विवरण अध्यावधिक गरी कार्यपालिका समक्ष आर्थिक वर्षको अन्त्यमा पेश गर्ने।

५. समवेदना र काजकृया खर्च वितरण सम्बन्धी व्यवस्था -

(क) मृतकको परिवारका सदस्यलाई १ (एक) समवेदना पत्र वितरण गरिनेछ।

(ख) मृतकको परिवारका सदस्यलाई काजकृया खर्च वापत रु १०,०००/- (अक्षरेपी दश हजाररुपैयाँ मात्र) एकमुष्ठ रुपमा उपलब्ध गराउनेछ।उक्त रुपैया सम्वन्धित वडा कार्यालयको सिफारिसमा बैक मार्फत उपलब्ध गराइने छ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत
२०८२/१२/३०

६. खारेजी र बचाउ - यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले खारेजी वा संशोधन र परिमार्जन गर्न सक्नेछ।

**७. निवेदनको ढाँचा** - मृतक परिवारका सदस्यले काजकृया खर्च वापतको रकम भुक्तानी माग गर्दा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

मितिः .................

श्रीमान् अध्यक्षज्यू,
हिलिहाङ गाउँपालिका, पाँचथर।

विषय - काजकृया खर्च वापतको रकम उपलब्ध गराइदिनुहुन।

महोदय,

प्रस्तुत विषयमा हिलिहाङ गाउँपालिका वडा नं. बस्ने........... नाती/नातिनी ................................ नाता पर्ने.......................................को छोरा/छोरी/........................ म निवेदकको...................... नाता पर्ने .................. को मिति ................................... मा मृत्यु भइ हाम्रोधार्मिक परम्परा अनुसार काजकृया कर्म समेत सम्पन्न भएको हुँदा गाउँपालिकाबाट मृतक परिवारका सदस्यलाई प्रदान गर्ने काजकृया खर्च रकम उपलब्ध गराइदिनुहुन यसै निवेदन पत्रसाथ देहाय बमोजिमका कागजात संलग्न गरी सादर निवेदन गर्दछु।

(क) मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी १ थान।
(ख) वडा कार्यालयको काजकृया खर्च उपलब्ध गराउने सिफारिस १ थान।
(ग) मृतकसँगको नाता प्रमाणित सिफारिस १ थान।
(घ) निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १ थान।

निवेदकको

नाम थर

दस्तखत

२०८२/१२/३०

टोलेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

स्थायी ठेगाना - हिलिहाङ गाउँपालिका वडा नं.

सम्पर्क नं.

**निर्णय नं. - ७**

हिलिहाङ गाउँपालिका वडा नं. २ स्थित श्री ज्ञानज्योती आधारभूत विद्यालय अन्तर्गतको मातृ बालविकास केन्द्र पिनासी बालविकास केन्द्र व्यवस्थापन समितिको मिति २०८२/१२/०७ गतेको निर्णय बमोजिम तहाँ बालविकास केन्द्रमा कार्यरत सहजकर्ता श्री लिला माझिले मिति २०८२ साल माघ २६ गते सोमबारका दिन देखि विना जानकारी वेपत्ता भई पठन पाठनमा समस्या आई बालबालिकाको भविष्य समेत अन्धकार भएको जानकारी यस कार्यालयमा पेश गरेको हुँदा नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२/०६/०५ गतेको परिपत्र बमोजिम स्थानीय तहमा स्वीकृत दरवन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने व्यवस्था गरेता पनि नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचिमा विद्यालय शिक्षालाई क्रमश: अनिवार्य र नि:शुल्क बनाउदै पूर्व प्राथमिक शिक्षा सहित सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्ने र अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ को परिच्छेद २को दफा ३ बमोजिम प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको अधिकार हुने र शिक्षा प्राप्त गर्न कुनै कनै पनि आधारमा भेदभाव गरिने छैन भन्ने मर्म र नेपालको संविधानको मौलिक हक धार ३१ को उपधारा १ बमोजिम आधारभूत तहको शिक्षामा सबै बालवालिककाको पहुँचको हकलाई समेत मध्य नजर गरी त्यस क्षेत्रका बालबालिका भौगोलिक रुपमा अति विकट र अति सिमान्तकृत समुदायका बालबालिका भएको साथै त्यो समुदायमा १ वटा मात्र बालविकास केन्द्र रहेको हुँदा करारमा प्रारम्भिक बालविकास सहजकर्ता स्थानीय तहको आन्तरिक स्रोत बाट व्यहोर्ने गरी पदपुर्तिका लागि मातृ विद्यालय श्री ज्ञानज्योती आधारभूत विद्यालयलाई आवश्यक कार्यविधि निर्माण गरि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ७**

हिलिहाङ गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशन/हिउँदे अधिवेशनका लागि देहाय बमोजिमको कार्यसूची तय गर्ने ।

**देहाय:**

१. सभाको अधिवेशन सुरुवात भएको जानकारी अध्यक्ष ज्यूले गराउनु हुने ।
२. समसामयिक विषयमा आफ्नो धारणा राख्नका लागि नाम टिपाउनु भएका सदस्य ज्यूहरुलाई अध्यक्ष ज्यूबाट समय प्रदान गर्नु हुने ।
३. उपाध्यक्ष श्री सुमित्रा उप्रेति सेडाई ज्यूबाट रकमान्तर तथा शिर्षकान्तर गरिनु पर्ने विषयहरु सभामा पेश गर्नु हुने ।
४. उपाध्यक्ष श्री सुमित्रा उप्रेति सेडाईद्धारा न्यायिक समितिको अर्धवार्षिक प्रतिवदेन सभामा पेश गर्नु हुने ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

५. उपाध्यक्ष श्री सुमित्रा उप्रेति सेडाईद्धारा मेलमिलाप कर्ताहरुकोलाई सुचिकृत गरिएको व्यहोरा सभामा जानकारी गराउनुन हुने ।

६. गाउँकार्यपालिकाको मिति २०८३।०१।०४ गतेको बैठकको निर्णय नं ६ लाई सभाबाट अनुमोदन गरियोस भनि सभाअध्यक्ष श्री समर बहादुर अधिकारी ज्युबाट सभामा पेश गर्नु हुने ।

७. हालसम्म गरिएको गाउँ कार्यपालिका तथा कार्यालयको सम्पुर्ण निर्णयहरु अनुमोदनका लागि सभा समक्ष पेश गर्ने ।

**निर्णय नं. - ८**

यस हिलिहाङ गाउँपालिकामा ब्याडमिन्टन संघ, पाँचथर यहि मिति २०८३ बैशाख १०, ११ र १२ गते पाँचथर जिल्लाको सदरमुकाम फिदिमा रहेको ब्याडमिन्टन हलमा दोश्रो सुम्हा?लुङ कप खुला ब्याडमिन्टन प्रतियोगिता आयोजनाको लागी आर्थिक सहयोग माग भई आएकोमा तपसिल अनुसार अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | क्लवको नाम | ठेगाना | कार्य प्रकृति | सहायोग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री ब्याडमिन्टन संघ, पाँचथर | फिदिम - १, पाँचथर | दोश्रो सुम्हा?लुङ कप खुला ब्याडमिन्टन प्रतियोगि | ५०,०००।- | |